# पर्सा जिल्ला अदालत

वीरगंज पर्सा

टेलीफोन ०५१-५२२२२७

फ्याक्स ०५१-५२५५६५

प.सं. : २०७६/०७७ मिति २०७६।१०।२

च.नं. : १२१२३

विषयः- चाँदी लिलाम विक्रीको सुचना वेवसाईडमा राखिदिने सम्बन्धमा ।

श्री सर्वोच्च अदालत, सुचना प्रविधि महाशाखा काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा यस अदालतको दशीको रुपमा आएको १० के.जी चाँदी लिलाम विक्री सम्बन्धमा सुचना सम्मानित अदालतको वेवसाईटमा मिति २०७६/१०/३ गते प्रकाशित गरिदिनु हुन अनुरोध गरिन्छ ।

<u>पर्सा जिल्ला अदालतको चाँदी लिलाम विक्री सम्बन्धि</u> दोस्रो पटक <u>७ दिने सुचना</u>।

यसमा प्र.उ. खेवती ढकाल समेतको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी गुलसन साह कानु समेत भएको राजस्व चुहावट मुद्दामा अभियोग पत्र साथ प्राप्त भएको १० के.जी. चाँदीका टुक्राहरु उधोग वाणिज्य संघको मुल्य रु.६,३०,०००/- छ लाख तीस हजारमा नघटने गरि राजस्व चहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ को दफा ३२ तथा मुलुकी फौजदारी कार्याविधी नियमावली २०७५ को परिच्छेद ३ को व्यवस्था गरेको हुदाँ आम्दनीमा बाधिएको दशीको रुपमा दाखिल हुन आएको १० के.जी. चाँदीलाई यस अदालतको मिति २०७५/९/२७ गतेको आदेशानुसार जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को उपदफा ११ बमोजिम वार्ता द्वारा लिलाम गर्न मिति २०७६/१०/९ गते यस अदालतमा उपस्थित हुन दोस्रो पटक ७ दिने सुचना प्रकाशित गरिन्छ ।

०७६।१०।२

तहसिलदार

शाखा अधिकृत